# सिस्ने गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रुकुमकोट, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

"सिस्ने गाउँपालिका अन्तर्गत सानीभेरी नदिबाट नदीजन्य पदार्थहरु (ढुङ्गा, गीट्टी, बालुवा) उत्खनन, संकलन तथा बिक्री वितरण"

## बोलपत्र फारम

(ठेक्का नः **NCB/SRM/IR-01/083/84**)

आ.व.- २०८३/८४

(जारी मितिः २०८३/०६/१५)

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

सिस्ने गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय
रुकुमकोट, रुकुम (पूर्वी भाग) ।

**विषयः बोलपत्र पेश गरिएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस कार्यालयबाट आ.व. २०८३/८४ मा गाउँपालिकाको क्षेत्र भएर बग्ने सानीभेरीनदिको किनारबाट नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टि, बालुवा) संकलन, निकासी तथा बिक्री वितरण गरी आन्तरिक राजश्व संकलन गर्ने उदेश्यले *मिति* ......................... गते ............................ पत्रिका/ www.sisnemun.gov.np मा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसारको शर्तहरुमा मन्जुर रही ठेक्का प्रक्रियामा सहभागि हुनका लागि अन्य आवश्यक कागजपत्र संलग्न राखि पेश गरेको व्यहोरा अनुरोध छ ।

| ठेक्का नं | ठेक्का कामको विवरण | कूल कबोल रकम (मू.अ.क. बाहेक) | | ५% धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | | |
| NCB/SRM/IR-01/083/84 | सिस्ने गाउँपालिका अन्तर्गत सानीभेरी नदिबाट नदीजन्य पदार्थहरु (ढुङ्गा, गीट्टी, बालुवा) उत्खनन, संकलन तथा बिक्री वितरण | | | | |

**प्रस्ताव पेश गर्ने:**

दस्तखतः

फर्म/संस्थाको छापः

संस्था/फर्म तर्फको आधिकारिक व्यक्तिको नाम, थरः

आधिकारिक प्रतिनिधिको नागरिकता प्रमाणपत्र नं-

ठेगानाः

सम्पर्क नं-

मितिः

# सिस्ने गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रुकुमकोट, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

## आ.व २०८२/८३ को लागि ढुङ्गा, गिट्टि, बालुवा लगायतका नदिजन्य पदार्थको कर तथा शुल्क संकलन सम्बन्धी बोलपत्र आह्वानको सूचना

**(प्रकाशित मिति- २०८३/०६/१५ गते)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को (घ) (६) तथा सोहि ऐनको दफा ६४ को उपदफा (१) को (च) मा व्यवस्था भएबमोजिम सिस्ने गाउँपालिकाको क्षेत्रभित्र आन्तरिक खपत तथा अन्य स्थानीय तहमा निकासी पैठारीका लागि ढुङ्गा, गिट्टि, बालुवा लगाएतमा आर्थिक वर्ष २०८३/८४ का लागि आन्तिरक आयसम्बन्धी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले तोकिएको दररेटमा तपशिल बमोजिमको विवरण र शर्तहरुको अधीनमा रहि कर दस्तुर शुल्क संकलन गर्नका लागि ठेक्का लिन इच्छुक फर्म, कम्पनी वा व्यक्तिबाट तोकिएको न्युनतम अङ्कमा नघट्ने गरी यस कार्यालयबाट जारी गरिएको बोलपत्र खरिद गरी पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल:**

| बोलपत्र ठेक्का नं | ठेक्काको विवरण | न्यूनतम ठेक्का मुल्य रु (मू.अ.क. बाहेक) | बोलपत्र फाराम दस्तुर | संकलन गर्न पाउने अधिकतम परिमाण |
|---|---|---|---|---|
| NCB/SRM/IR-01/083/84 | सिस्ने गाउँपालिका अन्तर्गत सानीभेरी नदिबाट नदीजन्य पदार्थहरु (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन, संकलन तथा बिक्री वितरण | रू. ३६,५६,२००/- (अक्षरुपी छत्तिस लाख छपन्न हजार दुई सय मात्र) | रू. ३०००/- | १२९४१.३/- घन मिटर |

**शर्तहरु:**

१) फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मू.अ.क. दर्ता प्रमाणपत्र, आ.व ०८२/८३ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि/म्याद थप र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र फारम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको नगद रसिद वा यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड रुकुमकोट शाखामा रहेको आन्तरिक राजश्व खाता नं. १८९०३००००१००१००००१ मा बोलपत्र फारम खरिद गरे बापत जम्मा गरेको सक्कल भौचर साथ निबेदन संलग्न राखि मिति २०८३/०७/०९ गते कार्यालय समय सम्मसिस्ने गाउँपालिकाको कार्यालय वा www.sisnemun.gov.np मार्फत बोलपत्र फारम खरिद गर्न सकिनेछ।

२) खरिद गरेको बोलपत्र फारमहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, प्रोपराइटरको नाम, फोन नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई बोलपत्र पेश गर्ने अन्तिम मिति २०८३/०७/१० गते दिनको १२:०० बजे भित्र सिस्ने गाउँपालिकाको कार्यालय वा कुरियर मार्फत दर्ता गराईसक्नु पर्नेछ।

३) बोलपत्र फाराम साथ धरौटि बापत कुल कबोल अंक (मू. अ. क. समेत) को ५ (पाँच) प्रतिशतले हुन आउने रकम कार्य सम्पादन जमानत स्वरुप यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड रुकुमकोट शाखामा रहेको धरौटी खाता नं. १८९०३००००३००००००००१ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल सरकारबाट इजाजत प्राप्त बैंक वा वित्तिय संस्थाबाट कम्तीमा १२० दिनको म्याद कायम गरि जारी भएको बैंक जमानत पेश गर्नुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

४) एक फर्म वा संस्थाको नामबाट खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाईने छैन।

५) रीत पूर्वक पेश भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम मिति २०८३/०७/१० गते दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन।

६) आ. व. २०८३/८४ का लागि कर संकलन अवधि सम्झौतामा उल्लेख भएको मितिदेखि २०८४ साल जेष्ठ महिनाको मसान्तसम्मको हुनेछ ।

७) बोलपत्रदाताले नेपाल सरकारको प्रचलित कानुन, लुम्बिनी प्रदेश सरकारको कानुन तथा सिस्ने गाउँपालिकाबाट जारी भएका स्थानीय कानुनहरुको पूर्ण परिपालना गर्नुपर्नेछ ।

८) कुल कबोल अंकलाई २ किस्तामा कायम गरिनेछ। पहिलो किस्तावापत कुल कबोल अंकको ५०% प्रतिशत रकम सम्झौता हुनु अगावै र बाँकी अन्तिम किस्तावापतको रकम २०८३ साल माघ मसान्तभित्रै बुझाइसक्नुपर्नेछ। प्रचलित नियम कानुन अनुसार तिर्नु पर्ने सम्पूर्ण कर बोलपत्रदाता स्वयंले ब्यहोर्नु पर्नेछ।

९) बोलपत्र स्वीकृत भई सम्झौता भएपश्चात कुनै किसिमको थप छुट, मिनाहा वा माफी दिइने छैन।

१०) तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का बन्दोबस्त गरिनेछ।

११) नदिजन्य पदार्थको उत्खनन तथा संकलन सम्बन्धमा स्थानीय सरकार संचालन ऐन २०७४, यस गाउँपालिकाबाट जारी कानुन, संघीय तथा प्रदेश कानुन वा मापदण्ड बमोजिम हुनेछ। साथै यस गाउँपालिकाबाट तयार भएको प्रारम्भिक वातावरणिय परिक्षण (IEE) प्रतिबेदन बोलपत्र सम्झौताको अभिन्न अंग मनिनेछ।

१२) यस सूचनामा उल्लेखित शर्तहरुका अतिरिक्त सम्झौतापत्रमा उल्लेख भए बमोजिमका शर्तहरु र अन्य विषयको हकमा प्रचलित कानुनबमोजिम हुनेछ।

१३) थप जानकारीका लागि कार्यालयको फोन नं. ०८८-४१३०६४ मा सम्पर्क गर्न सकिनेछ।

(डिल्ली खड्का)
प्रमुख प्रशासकीय अधिकृत